




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत ०७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 21 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०२

## प्रहरी हिरासतमा मृत्युपछि चौकीमा तोडफोड, आगजनी

## भीडबाट चलाइएको गोली लागेर प्रहरीको मृत्यु



प्रहरी थानामा तोडफोड, आगजनी गर्दै स्थानीय । तस्वीरः प्रतीक

सुग्रीव साह, भिस्वा, ६ चैत/

सीमावर्ती भारतको सिकटा प्रखण्ड अन्तर्गत बलथरास्थित प्रहरी चौकीमा शनिवार एकजनाको मृत्यु भएपछि गाउँलेहरूले थाना तोडफोड गरेर आगजनी गरेका छन् ।

सीमावर्ती भारत, बिहारमा शनिवार होली पर्व मनाइएको थियो । सो क्रममा सिकटा थानाले प्रतिबन्ध लगाएको डिजे बजाएर नाचगान गर्दा प्रहरीले तीनजनालाई पक्राउ गरेको थियो । पक्राउ परेकामध्ये आर्यनगरका अनिरुद्ध यादवको हिरासतमा मृत्यु भएको कुरालाई लिएर सो ठाउँका बासिन्दाहरूले प्रहरी चौकीमा तोडफोड र आगजनी गरेका हुन् ।

दुई/तीन वर्षअगाडि मात्र निर्मित चार तले प्रहरी थानाका सबै कोठामा तोडफोड गरिएको छ । थानाले विभिन्न समयमा बरामद गरेर राखेको र थाना प्रयोजनका लागि रहेका आठवटा गाडीमा आगजनी गरिएको थियो । यसैगरी, दुई चक्के सवारीसाधन पनि तोडफोड गरिएको स्थानीयले बताए ।

मृत्यु भएको हल्ला फैलिएसँगै बालबालिका, महिला, युवाहरूको समूहले तोडफोड गरेको थियो । यसैबीच, भीडबाट कसैले चलाएको गोली लागेर प्रसोतीपुर थानाका प्रहरी रामजनक रायको मृत्यु भएको छ । उनको पेटमा गोली लागेको थियो र बेतियामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

पाँच घण्टासम्म प्रहरी चौकीलाई नियन्त्रणमा लिएर स्थानीयले तोडफोड र आगजनी गरेका थिए । घटनापछि प्रहरीले चौधजनालाई नियन्त्रणमा लिएको छ ।

यसैगरी, मृतक यादवको शनिवार राति नै शल्यपरीक्षण गरिएको छ । प्रहरीले हिरासतमा रहेका यादवको माहुरीको टोकाइबाट मृत्यु भएको दाबी गरेको छ । शल्यपरीक्षण रिपोर्ट अहिले सार्वजनिक गरिएको छैन ।

यसैबीच, प्रहरीले आर्यनगरमा घरघरमा छापामारी गरेको छ । छापामारीपछि चौधजनालाई नियन्त्रणमा लिएको र टोलमा रहेका सयौं मानिस घरमा ताला लगाएर फरार भएका छन् । प्रहरीले कारबाई थालेपछि निर्दोषहरू पनि समातिने डरले गाउँ छाडेर आफन्तकहाँ लुकेर बसेका छन् ।

**कोभिडबाट सचेत रहौं**

- कोरोना सङ्क्रमणको जोखिम अझै कायम छ ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोनाविरुद्ध खोप लिऔं ।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा पालन गरौं ।
- अनिवार्यरूपमा स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## अतिक्रमण गर्न पर्साको वनजङ्गलमा कृत्रिम डढेलो




प्रस, पर्सागढी, ६ चैत/

चैत महीना हावाहुरीको महीना हो । यसै महीनामा वनजङ्गलमा डढेलो लाग्ने गर्दछ । जङ्गल क्षेत्रसँग जोडिएको र जङ्गल क्षेत्रभित्र रहेका सडकहरूमा सञ्चालन हुने यात्रीवाहक बसहरूलगायतका सवारीसाधनमा यात्रा गर्नेहरूले चुरोट, बिंडी खाएर ठुटो जथाभावी फाल्दा चैतमा

(बाँकी अन्तिम पातामा)

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

उत्तर-दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय

व्यापारिक मार्ग विस्तार योजना वीरगंज-पथलैया सडक

पथलैया, बारा

**सडक अतिक्रमण हटाइनेसम्बन्धी अन्तिम सूचना**

पथलैया-जीतपुर-परवानीपुर-गण्डक सडक र परवानीपुर-ड्राइपोर्ट-आइसिपी सडकखण्डको केन्द्रबिन्दुबाट २५/२५ मिटरभित्र रहेका सम्पूर्ण सरकारी/निजी घर-टहरा, पर्खाल आदि मिति २०७८/१२/१५ गतेभित्र आआफैं हटाई विकास निर्माण कार्यमा सहयोग गरिदिनुहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ । अन्यथा सडक सीमा अतिक्रमण गर्ने उपर सार्वजनिक सडक ऐन २०३१ को दफा १९ को (१), (२) र (३) बमोजिम कारबाई भइजाने बेहोरासमेत अनुरोध गरिन्छ । साथै तोकिएको म्यादभित्र सडक सीमाभित्रका संरचनाहरू हटाई नलगेमा कानूनबमोजिम उक्त संरचना भत्काउन बाध्य हुने र सो क्षतिको जिम्मेवार पनि सम्बन्धित पक्ष नै हुने बेहोरा जानकारी गराइन्छ ।

\- योजना प्रमुख



## विचारसार र सूक्तिहरू

**तिमी हुरीलाई शान्त पार्न सक्दैनौ, त्यस्तो प्रयास पनि नगर। तिमीले गर्न सक्ने के हो भने आफूलाई शान्त राख, हुरी आफैं बाटो लाग्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# फर्कला त परम्परागत शैली

**भर्खरै फागु सकिएको छ। फागुको शुभकामना साटासाट गर्न आयोजित धेरै कार्यक्रमहरूमा परम्परागत फागु वा होलीको स्मरण गरेर त्यसको अभावको रोदन चल्यो। साथै होली मनाउने त हो, यसमा रास-रङ्ग हुनुपर्छ भन्ने शैलीका कार्यक्रमहरू पनि आयोजन गरिए। परम्परागत होली वा कुनै पनि सांस्कृतिक चाड अब शास्त्रीय शैलीमा हुन्छ भनी सोच्नु समयलाई पछि फर्काउने धृष्टता मात्र हुन सक्छ। किनकि परम्पराको जगेर्ना दिने र लिनेबीचको एकात्मभावले मात्र सम्भव हुन्छ। परम्परा निरन्तरतामा बाँच्छ, जसको अभाव हाम्रो समाजमा स्पष्ट देखिन थालेको छ। संस्कृतिको सम्बन्ध समुदायको अविछिन्नतामा टिकेको हुन्छ, जसको आज टडकारो अभाव छ। यो कुनै व्यक्ति, समाज वा राज्यले गरेर भएको होइन, आजको समयले ल्याएको परिवर्तनले हो। होलीका विभिन्न उद्देश्यमध्ये एउटा मनोरञ्जन पनि हो। मनोरञ्जन पनि उपभोग्य वस्तु बनेको छ, आजको युगमा। आज समाज 'तयारी वस्तु'को उपभोक्ता बनेको छ। नाश्ता बनाउने झन्झट बेहोर्नुको साटो चाउचाउ, टोस्ट अमलेट खाने, दालभात, तरकारी, अचार बनाउनुको साटो सबै स्वाद सम्मिश्रित पिजा, बर्गर खाने युगमा मनोरञ्जन पनि त रेडिमेड उपलब्ध छ। टिभीको कुनै च्यानल खोल्नुस्-चाड अनुसारका कार्यक्रमहरू प्रस्तुत भइरहेका हुन्छन्। टिभीभन्दा पर हुनुहुन्छ भने पनि हाते टिभी (मोबाइल) मा जहाँ पनि र जुन बेला पनि उपलब्ध हुन्छन् यस्ता सामग्री।**

**दीपावलीमा माटोको दियो बाल्ने फुर्सद कसलाई छ? तम्तयार बिजुलीको झिलिमिली छाडेर धिपधिपे दियो कसले बाल्ने? कागज र प्लास्टिकका रङ्गबिरङ्गी र सजिलै उपलब्ध माला छाडेर फूल रोप्ने, टिप्ने, माला गाँस्ने कुरा त आज मूर्खताको प्रतीक मात्र मानिन्छ। दशैंमा नवरात्रिभरि मालसिरीको धुनमा मन्दिरमा गई भजन-कीर्तन किन गाउनुपऱ्यो, टिभीमा दिनरात सुन्न सकिहालिन्छ। यसर्थ हिजोआज चाडपर्वहरू त छन्, मनोयोगले मनाइन्छ पनि तर चाडपर्वहरूका जुन उद्देश्य हुन्छ, त्यो हराएको छ। सबै चाडलाई होली र सबै पर्वलाई दशैं मनाउने मनोविज्ञान प्रबल भएको छ। होलीमा महीनाभरि गाइने जोगिरा हराउँदै गएको छ। किनकि अब सबै काम पेशा बनिसकेको छ। हिजो स्वान्त सुखाय: जोगिरा गाइन्थ्यो, अब पैसा तिर्नुपर्छ। पैसा तिरेर गीत सुन्ने हो भने टिभी-मोबाइल नै राम्रो! किनकि मौसम अनुसार गीत-राग गाउनेहरू अब थोरै मात्र छन्। नयाँ पुस्ता फिल्मी गीत मात्र गाउन र सिक्न चाहन्छ। जोगिरा वा चैती सिक्ने युवा पीढी नै छैन, किनकि यो बिक्दैन। अनि कसरी हुन्छ परम्परा हस्तान्तरण? हस्तान्तरणको अभावमा एउटा पीढीपछि परम्परा हराएर जान्छ।**

**वीरगंजमा यस्तै एउटा कार्यक्रममा होलीको पारम्परिकता हराउँदै जाने सन्दर्भमा नगरप्रमुखले आगामी वर्षदेखि त्यसको जगेर्नाका लागि पाइला चाल्ने बताएका छन्। कला क्षेत्र राज्यको संरक्षणविना हुर्कन सक्दैन। कलाको पहिलो आश्रयदाता राज्य हो र दोस्रो समाज, जसले कलालाई एक पुस्ताबाट अर्कोमा हस्तान्तरण गर्न प्रोत्साहित गर्छ। यस कारण जरूरी छ हामी आधुनिकतामा पनि रमाउँ र परम्परालाई पनि मर्न नदिउँ। यसमा वीरगंज महानगरपालिका र वीरगंजेली समुदाय अघि सर्नुपर्छ। शुभकामना आदानप्रदान गरेर मात्र होइन, होली गीत गाउँदै घरघर डुलेर रङ्ग-अबीर दलेर यसको जगेर्ना हुन सक्छ।**

# अभिभावक-शिक्षक सङ्घको भूमिका

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**यदि तपाईं अभिभावक हुनुहुन्छ भने नियमित विद्यालय जानुपर्छ। यसबाट शिक्षकको दृष्टिकोणले सन्तानको सफलता र प्रगतिका साथै चुनौती र सहयोगको क्षेत्र पनि पहिचान हुन्छ र 'बोलाउँदा पनि अभिभावक आउँदैनन्' भन्ने शिक्षकहरूको गुनासो पनि हटाउन सक्नुहुन्छ।**

नेपालको शिक्षा व्यवस्था मात्र सरकारी प्रयासले सम्भव नभएकोले निजी लगानीमा अधिकांश अङ्ग्रेजी माध्यमका विद्यालयहरू सञ्चालित छन्। ती विद्यालयहरूका प्रभावले गर्दा सरकारी विद्यालयमा पनि अङ्ग्रेजी माध्यमबाट छुट्टै कक्षा सञ्चालन हुन थालेको छ। एकातिर निजी अर्थात् संस्थागत विद्यालयहरू सरकारी उपेक्षाका शिकार छन् भने सरकारी अनुदान, कैयन सुविधा, दक्ष शिक्षकशिक्षिकाका बावजूद इमानदार अनुगमनको अभावमा सामुदायिक विद्यालयमा मनपरीतन्त्र हावी हुँदै गएको छ। विद्यालय र सम्बन्धित निकायको मिलेमतोमा 'तैं चुप, मैं चुप' संस्कृति मौलाएको छ भने निजी विद्यालयहरूका लागि कानून बनाइए तापनि उनीहरू सङ्गठित भई आफ्नै नियमकानूनले चलिरहेका छन्। यी यावत् समस्याको प्रभावकारी समाधान तबसम्म कठिन छ जबसम्म समाजको हरेक वर्गले यसमा सहयोग गर्दैन।

शिक्षाको गुणस्तरीयताको विकासमा अभिभावक र शिक्षकको भूमिका अति महत्त्वपूर्ण हुन्छ। यदि नेपालका सबै अभिभावक र शिक्षकहरू आफ्नो निहित स्वार्थ त्यागेर एकजुट भई यसतर्फ ध्यान दिन्छन् वा चिन्तन मनन वा इमानदार छलफल गर्छन् भने राम्रो, गुणस्तरीय र देश सुहाउँदो शिक्षाको विकासमा एउटा महत्त्वपूर्ण पाइला साबित हुनेमा कुनै शङ्का छैन। के भनिन्छ भने केटाकेटीहरू एक चौथाई शिक्षा शिक्षकसँग, एक चौथाई स्वयंसित र आधा आमाबुवा वा अभिभावकसँग सिक्छन्। यस आधारमा अभिभावकसँग शिक्षा र त्यसको गुणस्तरीयताको विकासमा सहयोग लिनु अत्यन्त महत्त्वपूर्ण हुन्छ। त्यसैले होला, विद्यालयमा शिक्षक-अभिभावक सङ्घको मह(वलाई प्रतिपादन गरिएको। तर विडम्बना के छ भने सामुदायिक विद्यालयमा यो निष्क्रिय अवस्थामा छ भने देशमा नै केही संस्थागत विद्यालय बाहेकमा यो गठन नै भएको छैन।

केटाकेटीहरूको शैक्षिक विकासमा शिक्षक र अभिभावकको महत्त्वपूर्ण योगदान हुन्छ तर दुवैको शिक्षासम्बन्धी भूमिका र परस्पर अपेक्षा बेग्लाबेग्लै हुन्छ। शिक्षकले केटाकेटीहरूको जुन समस्यालाई आफ्नो दृष्टिकोणले हेर्दछ, त्यसैमा अभिभावकको दृष्टिकोण भिन्न हुन्छ। यसको प्रमुख कारण के हो भने शिक्षकका लागि त्यो कैयौं विद्यार्थीमध्ये एक विद्यार्थी हो भने आमाबुवाका लागि एक मात्र र स्वयंको अंश। शिक्षकले जहाँ केटाकेटीहरूको समान विकासको कुरा गर्दछ त्यहीं आमाबुवा वा अभिभावकको रुचि शिक्षकले उसको सन्तानको अधिकाधिक विकासमा सहयोग गरोस् भन्ने हुन्छ। यस प्रकारको सोचले गर्दा नै केटाकेटीहरूको क्षमता, रुचि, व्यवहारगत दोष सम्बन्धमा अभिभावकको सोच र शिक्षकहरूको सोचमा भिन्नता देखा पर्दछ। यहाँनिर ध्यान दिनुपर्ने अर्को कुरो के हो भने केटाकेटीहरू शिक्षकहरूको तुलनामा अभिभावकसँग बढी समय व्यतीत गर्छन्। यस कारण अभिभावकको सोच नै केटाकेटीमाथि बढी हाबी हुने गर्दछ।

शिक्षाको क्षेत्रमा खासगरी समस्याग्रस्त केटाकेटीहरूमाथि गरिएको शोधले के देखाएको छ भने उनीहरूको समस्यामाथि सामाजिक पर्यावरणको महत्त्वपूर्ण प्रभाव पर्दछ। यही कुरा उनीहरूले हासिल गर्ने उपलब्धिले पनि साबित गरेको छ। यसर्थ विद्यार्थीहरूको शैक्षिक प्रगतिमा परिवार र पर्यावरणको महत्त्वपूर्ण प्रभाव देख्न सकिन्छ। सही कुरो त के हो भने अभिभावक वा आमाबुवा केटाकेटीहरूका पहिलो शिक्षक हुन्। यस कारण पहिलो शिक्षक र विद्यालयको शिक्षकबीच परस्पर सहयोगले देशको भावी नागरिकको शैक्षिक विकासमा दुई गुणा योगदान मिल्न सक्छ। यस कारण अभिभावक-शिक्षक सङ्घको स्थापना र सञ्चालन सबै खाले विद्यालयका लागि अनिवार्य मात्र होइन, अपरिहार्य हुनुपर्छ। यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने खाँचो छ।

अभिभावकहरूलाई विद्यालयसँग जोड्न शिक्षकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। विद्यालयमा आएका अभिभावकसँग शिक्षकहरूले विद्यार्थीको शिकायत मात्र गर्छन् भने उनीहरू पुन: विद्यालय आउन चाहँदैनन्। यही कुरा शिक्षकहरूको सन्दर्भमा पनि लागू हुन्छ जसको सन्तान अन्य विद्यालयमा पढ्छन्। शिक्षकहरूले पनि सकारात्मक व्यवहारको अपेक्षा गर्छन्। साथै व्यावहारिक समस्यालाई व्यावहारिक तरीकाले हल गर्नुपर्ने हुन्छ। यस्तोमा समुदायबाट सहयोग प्राप्त भएमा कैयन समस्याको समाधानमा सहयोग पुग्छ। यसर्थ कुनै पनि विद्यालयमा अभिभावक-शिक्षक सङ्घ हुनैपर्छ।

शिक्षक-अभिभावक सङ्घको पहिलो उद्देश्य के हुन सक्छ भने शिक्षक र अभिभावकबीच परस्पर बुझाइ विकसित गर्नु र दोस्रो, शिक्षक र अभिभावकको परस्पर सहयोगले विद्यार्थीहरूको समस्या समाधान गर्नु। तर हाम्रो देशको सामुदायिक विद्यालयहरूमा शिक्षक-अभिभावक सङ्घको बुझाइ एक अर्काको खिचाइ गर्नु र विद्यालयमा राजनीति गर्नु मात्र हो। यसबाहेक विद्यालय विकासका लागि आउने रकमबाट केही अंश प्राप्त गर्नु वा विद्यालयबाट केही भत्ता हासिल गर्नु पनि हिजोआज चलनचल्तीमा देखा पर्न थालेको छ। संस्थागत विद्यालयमा यस सङ्घका सदस्यहरूको सन्तानलाई निश्शुल्क पढाउन दबाब दिनु अन्यथा विद्यालयको कमीकमजोरी सार्वजनिक गर्ने बुझाइ भएकोले दुवै खालै विद्यालयहरूमा जुन उद्देश्यको लागि यो खोलिएको हो त्यो सफल भइरहेको छैन। यस कारण शिक्षक-अभिभावक सङ्घको प्रभावकारी सञ्चलनका लागि तपसीलका कार्यक्रम आयोजित गर्न सकिन्छ।

१) शिक्षकहरूद्वारा विद्यार्थीहरूको घरसँगको सम्पर्क

यदि शिक्षक वास्तवमा अभिभावकको मित्र र उनीहरूको सन्तानका लागि सहयोगी हो भने निश्चित रूपले यस प्रकारको पाइला शिक्षकहरूद्वारा वा विद्यालयद्वारा चाल्नुपर्छ। यसले शिक्षकहरूलाई विद्यार्थीहरूको आर्थिक, सामाजिक र भौगोलिक परिवेश बुझ्न सहयोग गर्छ र यसले पाठ्यवस्तुको स्थानीय उदाहरणको अध्ययनमा पनि सहयोग पुऱ्याउँछ। प्राय: हाम्रो देशको सदरमुकाममा भएका विद्यालयका शिक्षकहरूमा विद्यार्थीको घर जाने चलन नै छैन तर सुदूर गाउँमा शिक्षक त्यस बेला मात्र विद्यार्थीको घर जान्छन् जब ऊ कुनै समस्याले ग्रस्त हुन्छ। यसबाट विद्यार्थीहरूमा समस्या देखापर्नु पूर्व नै समस्या समाधान हुन्छ। यसबाट प्राथमिक स्तरमा हुने अपव्यय र अवरोधजस्ता समस्या रोक्न सहयोग मिल्छ। शिक्षक-अभिभावक सङ्घले पारिवारिक वित्तीय सङ्कट, सामाजिक समस्या आदिको कारण विद्यालय छोड्ने विद्यार्थीहरूको लागि समाधान दिन सक्छ।

२) अभिभावकहरूद्वारा विद्यालयमा सम्पर्क

जसरी शिक्षकहरूका लागि विद्यार्थीहरूको परिवारसँग सम्पर्क राख्नु आवश्यक छ, त्यसैगरी शिक्षक-अभिभावक सङ्घबीच गहिरो सम्बन्ध स्थापित गर्न अभिभावकहरू पनि विद्यालय आउनु जरूरी छ। यसबाट अभिभावक र विद्यार्थीहरूमा विद्यालयप्रति विश्वासमा वृद्धि हुन्छ तर प्राय: के देखिएको छ भने विद्यार्थी भर्नाको बेला र परिणाम घोषित हुने बेला मात्र विद्यालयद्वारा अभिभावकहरूलाई आमन्त्रित गरिन्छ। केही विद्यालयहरूले वार्षिकोत्सव वा अन्य विशेष प्रयोजनका लागि आमन्त्रित गर्छन् तर यसबाहेक न विद्यालय, न अभिभावक नै एकअर्कासँग भेट्न चाहन्छन्। कहिले काहीं सन्तानमा देखा परेको समस्या समाधानका लागि पनि अभिभावकहरू विद्यालय आउँछन् तर विद्यालयको उद्देश्य र त्यसमा अभिभावकको सहयोगसम्बन्धी कुनै कार्यक्रम हुँदैन जुन एउटा विचारणीय प्रश्न हो।

३) शिक्षण कार्यक्रम र अभिभावकको सहभागिता

यदि विद्यालयहरूले वास्तवमा अभिभावकहरूको चाहना अनुसार कार्यक्रम आयोजित गर्न चाहन्छन् भने कार्ययोजना तयार गर्दा अभिभावक प्रतिनिधिहरूसँग संस्थापक वा प्रधानाध्यापकले सल्लाह गर्नुपर्छ र उनीहरूको भावना अनुसार उपयुक्त समयमा कार्यक्रम आयोजना गर्नु आवश्यक मात्र नभई अपरिहार्य हुन्छ। अध्यापनको क्षेत्रमा खासगरी यस्ता विषय, जो सीपमा आधारित छन्, त्यसमा पनि अभिभावकको सल्लाह तथा आंशिक सहयोग-सेवा लिन सकिन्छ।

४) अभिभावक समूहमा शिक्षकहरूको सहभागिता

विभिन्न रुचि र क्षमता भएका अभिभावकहरूको बेग्लाबेग्लै समूहलाई विद्यालय सम्पर्क, विकास, मनोरञ्जन आदिको लागि आमन्त्रित गर्न सकिन्छ। उदाहरणको लागि खेलकूद कार्यक्रममा खेलमा रुचि राख्ने अभिभावकहरूसँग, विद्यालय मेला, विज्ञान प्रदर्शनी, सांस्कृतिक कार्यक्रममा त्यस्ता अभिभावकहरूलाई जो यस प्रकारको कार्यक्रममा रुचि राख्छन्। यस सम्बन्धमा अभिभावक र शिक्षक मिलेर छलफल गरेर विद्यालय र समुदायको हितार्थ कार्यक्रम आयोजित गर्न सक्छन्।

५) सीप विकासमा अभिभावकको सहयोग

देशभरि विभिन्न योजनाहरू विद्यालयमा समय-समयमा लागू गरियो र दक्ष शिक्षकहरूको अभावमा त्यसलाई खारेज पनि गरियो। वर्तमानमा यस्तै एउटा विषय हो 'पेशा, व्यवसाय र प्रविधि' जसमा देश सुहाउँदो सीप अध्ययन गराइन्छ तर यो विषय सही तरीकाले कक्षामा लागू नभएकोले पुन: यसलाई हटाइँदै छ किनभने विभिन्न व्यावसायिक सीपका लागि दक्ष शिक्षक उपलब्ध छैनन्। तर हाम्रै समाजमा सबै खाले सीप भएका मानिस उपलब्ध छन् तीमध्ये कैयौं अभिभावक पनि हुन्छन। अभिभावक-शिक्षक सङ्घको माध्यमले यिनीहरूको आंशिक सेवा लिन सकिन्छ र यो प्रभावकारी पनि हुन्छ।

६) विद्यालय उद्देश्य र प्रगतिको सन्दर्भमा सूचना

शिक्षक-अभिभावक सङ्घ परस्पर सम्पर्कका लागि मात्र नभई विद्यालयसँग अभिभावकलाई जोडेर राख्न पनि निरन्तर विद्यालयको लक्ष्य, कार्यक्रम र प्रगतिको सम्बन्धमा अभिभावकलाई सूचित गर्न सहयोगी हुन्छ। केही विद्यालयले मासिक वा त्रैमासिक विद्यालय बुलेटिन प्रकाशित गरी अभिभावकहरूलाई पठाइराख्छन्।

विद्यालय र विद्यार्थीको विकासमा अभिभावक र शिक्षकको भूमिका बलियो बनाउन विद्यालयसँग समन्वयात्मक सम्बन्ध हुनु आवश्यक छ। विद्यालय यस्तो ठाउँ हो जहाँ हरेक समुदायका केटाकेटी हुन्छन्। यस यात्रामा उनीहरू हरेक समुदायको संस्कृति बुझ्नुको साथै जीवनोपयोगी सीप पनि हासिल गर्छन्। यदि तपाईं अभिभावक हुनुहुन्छ भने नियमित विद्यालय जानुपर्छ किनभने यसबाट शिक्षकको दृष्टिकोणले सन्तानको सफलता र प्रगति सँगसँगै चुनौती र सहयोगको क्षेत्र पनि पहिचान गर्न सक्नुहुन्छ र 'बोलाउँदा पनि अभिभावक आउँदैनन्' भन्ने शिक्षकहरूको गुनासो पनि हटाउन सक्नुहुन्छ। अभिभावक-शिक्षक सङ्घको उद्देश्य पनि यही नै हो।

# ९३ प्रतिशत नेपालीले लगाए कोभिडविरुद्धको खोप

काठमाडौं, ६ चैत/रासस

हालसम्म ९३ प्रतिशत नेपालीले कोभिड-१९ विरुद्धको खोप लगाइसकेका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १८ वर्षमाथिको कुल जनसङ्ख्यामध्ये एक करोड ८४ लाख ९८ हजार १६० जनालाई कोभिडविरुद्धको खोपको कम्तीमा एक मात्रा दिइएको छ।

यस्तै, पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या भने एक करोड ६१ लाख ८४ हजार ८५८ रहेको छ। यो कुल लक्षित जनसङ्ख्याको ८१.२ प्रतिशत हो। साथै १२-१७ वर्ष उमेर समूहका ३१ लाख १८ हजार ७८५ (९१ प्रतिशत) जनाले पहिलो मात्रा खोप लगाइसकेका छन्। १८ वर्षमुनि पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या २३ लाख ११ हजार ९९८ (६७ प्रतिशत) रहेको छ।

मन्त्रालयका अनुसार यही चैत ४ गतेसम्ममा सबै उमेर समूहमा कुल तीन करोड ९२ लाख २३ हजार ९४१ मात्रा खोप प्रदान गरिएको छ। जसमध्ये एक

(बाँकी पाँचौं पातामा)



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४८

# निर्वाचन प्रचारमा विद्यालय र विद्यार्थीको प्रयोग गर्न नपाइने

काठमाडौं, ६ चैत/रासस

विगतका निर्वाचनमा दलहरूले प्रचारप्रसारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीलाई दुरुपयोग गरेका प्रशस्तै समाचार सञ्चारमाध्यममा आउँथे ।




त्यसबारे शिक्षामा कार्यरत नागरिक संस्था र शिक्षाविज्ञले ध्यानाकर्षणसहित पटक–पटक आवाज उठाउँथे तर खासै सुनुवाइ हुँदैनथ्यो । आसन्न स्थानीय तहको निर्वाचन–२०७९ देखि भने त्यस्तो अवस्था कम हुने सकारात्मक सङ्केत देखिएको छ ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगले हालै जारी गरेको ‘निर्वाचन आचारसंहिता–२०७८’ मा ‘कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने’ व्यवस्थाले शिक्षालयमा दलगत राजनीतिक हस्तक्षेप रोक्न कडाइ गरेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगले यही चैत ३ गते नेपाल राजपत्रमार्फत जारी गरेको सो आचारसंहिता यही चैत १५ गतेदेखि लागू हुँदैछ । आचारसंहिताको परिच्छेद २ को ‘ग’ अनुसार ‘कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने’ व्यवस्था कायम गरिएको हो । परिच्छेद ४ को ‘ट’ ले राजनीतिक दल, उम्मेदवार वा दलका भ्रातृ सङ्गठनले १८ वर्ष पूरा नभएका बालबालिकालाई चुनावी प्रचारप्रसार, धर्ना जुलुस, आमसभामा प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ ।

सोही आचारसंहिताको परिच्छेद २ को ‘छ’ अनुसार १८ वर्ष पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने, परिच्छेद ३ को ९ अनुसार सामुदायिक विद्यालयका शिक्षकले कुनै पार्टीको प्रचारप्रसार गर्न नपाउने, विद्यालयको भवन दलगत प्रयोग गर्न दिन नहुने, शिक्षकहरूले सामाजिक सञ्जाल प्रयोग गरेर पनि दलगत पक्षधरता लिन र मत माग्न नपाइने उल्लेख गरिएको छ ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले आचारसंहिताको अनुगमनका लागि केन्द्रस्तरमा एक आयुक्तको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति र जिल्लास्तरमा पनि अनुगमन समिति तथा केन्द्रबाट नेपाल सरकारका सचिवस्तरको नेतृत्वमा विशेष अनुगमन टोली खटाइने बताए । आचारसंहिताको उल्लङ्घन भएको उजुरी प्राप्त भएमा त्यसको अध्ययन गरी कारबाई गर्न आयोगले उचित निर्णय लिने उनले जनाए ।

विद्यालयमा मतदान केन्द्र (बुथ) पनि नराख्न आउने गरेका आग्रहलाई भने आफूहरूले हाललाई कार्यान्वयन गर्न नसक्ने उनको भनाइ छ । निर्वाचनका समयमा विद्यालय बन्द हुने र सो क्रममा नाबालिगको प्रयोग नहुने भएकाले विद्यालयमा बुथ राखेर बालबालिकाको अधिकार हनन नहुने सहायक प्रवक्ता अर्यालको तर्क छ । बाल संरक्षण र बाल अधिकारमा क्रियाशील नागरिक संस्थाको राष्ट्रिय सञ्जाल बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)सहित विभिन्न संस्थाले आचारसंहितामा ती विषय समावेश गर्न गत महीना आयोगका पदाधिकारीलाई सुझाव दिएका थिए ।

सिजपका अध्यक्ष राजेश शर्माले निर्वाचन आचारसंहितामा पहिलोपटक दलहरूले प्रचारप्रसारका क्रममा विद्यालयको प्रयोग गर्न नपाइने व्यवस्था हुनु आफूहरूको आवाजको सुनुवाइ भएको बताउँदै यसको कार्यान्वयन पक्षमा जोड दिनुपर्छ भने । उनले आफूहरूले बालअधिकारबारे उठाएका अधिकांश माग सम्बोधन भएको जनाउँदै अनुगमनमा सघाउने बताए ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ, नेपालका अध्यक्ष कृष्ण थापाले प्रचारप्रसारका क्रममा विद्यालय, शिक्षक र विद्यार्थीको प्रयोग गर्न नपाइने प्रावधान सकारात्मक भएको जनाउँदै निर्वाचनमा बुथ राख्दा त्यहाँ झैंझगडा र झडप हुन सक्ने भएकाले निर्वाचनमा प्रयोग भएका विद्यालयका कोठा र भौतिक सामानको बीमा वा क्षतिपूर्तिका लागि सोचिनुपर्ने बताए ।

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३१ को शिक्षासम्बन्धी हक, बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ७ मा शान्तिपूर्ण तथा बालमैत्री वातावरणमा पढ्न पाउने बालबालिकाको हकको व्यवस्था गरिएको छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका–२०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, दलगत राजनीति तथा अन्य हस्तक्षेप, भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राख्ने व्यवस्था गरेको छ । विसं २०६३ मङ्सिर ५ को विस्तृत शान्ति सम्झौतापछि नेपाल सरकारले २०६८ जेठ ११ मा मन्त्रिपरिषद्बाट विद्यालय शान्ति क्षेत्रको अवधारणा पारित गरेको थियो ।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६६ अनुसार विद्यालयमा हुने त्यस्ता गतिविधि बालबालिकाविरुद्धको कसूर हो । यो कसूरका लागि रु ७५ हजारसम्म जरिवाना र तीन वर्ष कैद हुन सक्ने प्रावधान छ । यस्तो काम नैतिक पतन हुने फौजदारी कसूर मानिएको छ ।

सिजपले जुलुस तथा कुनै पनि राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्न, कुनै पनि बहानामा विद्यालय बन्दजस्ता गतिविधि नगर्ने, हुन नदिने र शान्तिपूर्ण सुरक्षित तथा बालमैत्री वातावरणमा शिक्षण सिकाइको प्रत्याभूति गराउने वातावरण गराउन स्थानीय सरकारको पनि ध्यानाकर्षण गराउँदै आएको छ । तत्कालीन नेकपा (माओवादी)को सशस्त्र युद्धकालमा २०६० असोज २६ गते डोटीको मुढभरास्थित शारदा उच्च माध्यमिक विद्यालयमा विद्रोही पक्षको सांस्कृतिक कार्यक्रममा सुरक्षा निकायबाट भएको गोली प्रहारका क्रममा चारजना विद्यार्थीसहित दशजनाको मृत्यु तथा केही विद्यार्थी घाइते भएपछि अधिकारकर्मीले बालबालिका शान्ति क्षेत्र र विद्यालय शान्ति क्षेत्रका लागि आवाज उठाउन थालेका थिए ।

# नौं थान सालको गोलियासहित पिकअप नियन्त्रण

जीतलाल श्रेष्ठ, निजगढ, ६ चैत/

बारामा काठ चोरी तस्करीका घटनामा गत वर्ष केही कमी आए पनि अहिले चोरी तस्करीका घटना फेरि बढ्न थालेको छ । हिजो शनिवार राती करीब ११ बजे एउटा पिकअप भ्यानसहित चोरी तस्करी गर्न ठीक्क पारिएको सालका नौ थान गोलिया डिभिजन वन कार्यालय, बाराका सशस्त्र वनरक्षकसहितको टोलीले बरामद गरेको छ ।




तामागढी साझेदारी वन सिम्री क्षेत्रबाट सालको गोलियासहित पिकअप नियन्त्रणमा लिंदै वन सुरक्षाकर्मी । तस्वीरः जीतलाल श्रेष्ठ

तामागढी साझेदारी वन व्यवस्थापन समिति, कोल्हवी अन्तर्गतको राजमार्गको सिम्री वन क्षेत्रबाट नक्कली नम्बर प्लेट हालेको पिकअप भ्यान डिभिजन वन कार्यालय, बाराको सशस्त्र वन सुरक्षाकर्मीको टोलीले राति नियन्त्रणमा लिएको हो । एउटै प्लेटमा नेपाली नम्बर र भारतीय नम्बर प्लेट लेखिएको र आवश्यकता अनुसार सो प्लेट प्रयोग गर्न सकिने गरी फिट गरिएको थियो ।

पूर्व–पश्चिम राजमार्गबाट करीब तीन किलोमिटर दक्षिण रौतहटको सिम्री जाने ग्रेभल सडकनजीकैको वन क्षेत्रबाट दुईवटा सालको रूख ढालेर नौवटा गोलिर्या तयार पारिएको अवस्थामा पिकअप भ्यानसहित वन कर्मचारीले नियन्त्रणमा लिएका थिए । काठ चोर तस्कर समूहले वन कर्मचारी आएको थाहा पाएपछि पिकअप भ्यान नै छोडेर भागेका कारण उनीहरू पक्राउ नपरेको डिभिजन वन कार्यालय, बाराका जमदार एवं सशस्त्र वनरक्षक ध्रुवकुमार कटुवालले बताए ।

बरामद गोलिया करीब ९० क्यूफिट रहेको र हालको बजार मूल्य अनुसार चार लाख रुपैयाँभन्दा बढीको रहेको जनाइएको छ ।

काठ चोरी तस्करीमा संलग्न सो भ्यानको विषयमा अनुसन्धान शुरू गरिसकेको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए ।

# ग्राहकमाथि कुटपिट

प्रस, वीरगंज, ६ चैत/

घण्टाघर, पशुपति मार्केटस्थित इन्फिनिटी रेस्टुरेन्टका सञ्चालकले सेवाग्राहीलाई कुटपिट गरेका छन् । शुक्रवार राति पसलका सञ्चालकले सटर बन्द गरी ग्राहकलाई कुटपिट गरेको बताइएको छ ।

कुटपिटको विषयलाई लिएर घण्टाघर क्षेत्र तनावपूर्ण भएको थियो । युवाहरूले प्रहरीमाथि ढुङ्गामुढा गर्न थालेपछि प्रहरीले बल प्रयोग गरेको थियो । घटनामा संलग्न १७ जनालाई प्रहरीले पक्राउ गरेको र अनुसन्धानपछि सञ्चालकसहित नौजनालाई नियन्त्रणमा लिएको र १० जनालाई छाडेको छ ।




तस्वीरः प्रतीक

सञ्चालकको कुटाइबाट एकजना सख्त घाइते भएको र उनको नारायणी अस्पतालमा उपचार भइरहेको छ । रेस्टुरेन्ट सञ्चालकले खाजा खान गएका दुईजनालाई सटर बन्द गरी कुटपिट गर्न थालेपछि प्रहरीले सटर फोडेर घाइतेहरूलाई उद्धार गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालले पुरानो हिसाबको विषयलाई लिएर विवाद भएको र सञ्चालकसहित कर्मचारीहरूले हातपात गरेको बताएका छन् ।

# बैंक वित्तीय संस्थामा तरलताको सङ्कट

काठमाडौं, ६ चैत/रासस

बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव कायमै भएपनि घरजग्गाको कारोबारमा भने कुनै प्रभाव नपरेको देखिन्छ ।

गत फागुन महीनाको विवरण हेर्ने हो भने बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव पनि छ र ? भन्ने जस्तो तथ्य देखिन्छ ।

नेपाल राष्ट्र बैंकले चालू आवको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत घरजग्गाको कारोबारमा कडाइ गरे पनि अवस्था त्यस्तो नभएको पाइएको छ । भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार फागुन महीनामा मात्रै ७४ हजार ३६ लिखत पारित भएको छ । यस्तै, घरजग्गाको नामसारी मात्रै पाँच हजार नौवटा भएका छन् । संशोधनतर्फ कुल चार हजार ५३९, हाल साबिकतर्फ दुई हजार ६९३, घरजग्गा रोक्कातर्फ ३६ हजार ५७२ र फुकुवातर्फ कुल २४ हजार ७४९ रहेको विभागको विवरण छ ।

घरजग्गाको सबै विवरण हेर्दा फागुन महीनामा मात्रै एक लाख ६२ हजार ६७८ काम भएका देखिन्छ । गत माघमा कुल एक लाख ३२ हजार ५३ वटा घरजग्गाको काम भएको देखिन्छ । यस आधारमा पनि माघको तुलनामा फागुनमा बढी काम भएको स्पष्ट हुन जान्छ । गत माघमा कुल ५९ हजार ५१६ वटा लिखत पारित भएका थिए । यस्तै, घरजग्गाको नामसारीतर्फ चार हजार २७७ वटा थिए । संशोधनतर्फ तीन हजार ६२२, हाल साबिक दुई हजार १४९, रोक्का ३० हजार ९८७ र फुकुवातर्फ १८ हजार ६७६ वटा भएका थिए ।

बैंक तथा वित्तीय संस्थाले कर्जा दिएनन् वा कारोबार भएन भन्ने विषयलाई यो तथ्याङ्कले भने अस्वीकार गरेको जस्तो देखिन्छ । विभागको विवरण अनुसार फागुन महीनामा घरजग्गाको कारोबारबाट मात्रै रु छ अर्ब २६ करोड १६ लाख १० हजार १०५ बराबरको राजस्व सङ्कलन भएको छ । रजिस्ट्रेशन दस्तुरबाट रु तीन अर्ब ७८ करोड ११ लाख ८६ हजार ७९९, अतिरिक्त शुल्कबाट रु चार लाख दुई हजार ५४५ पूँजीगत लाभकरबाट रू एक अर्ब ४४ करोड ४६ लाख तीन हजार तीन बराबरको राजस्व उठाइएको छ ।

सो महीना मात्रै घरजग्गाको कारोबारमा रु ५५ करोड ६५ लाख ९४ हजार ४०९ बराबरको छुटसमेत पाएका छन् ।

केही मालपोत कार्यालयले भने मुख्यमन्त्री स्वचछता अभियान कोष शुल्कमार्फत पनि राजस्व सङ्कलन गरेका

(बाँकी पाँचौं पातामा)



स्थानीय निर्वाचनका लागि जिल्ला प्रहरी कार्यालय, पर्साले आह्वान गरेको म्यादी प्रहरीका लागि आवेदन बुझाउन प्रदेश प्रहरी कार्यालय, वीरगंजको मैदानमा लागेको भीड । जिल्लाभरि १८ सयजना म्यादी प्रहरी माग गरिएको छ । सोको लागि आवेदन दिनेहरूको सङ्ख्या भने बढी छ । तस्वीरः प्रतीक

# बर्वाटाँडीमा एमालेको टोल समिति गठन

प्रस, पर्सागढी, ६ चैत/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा नेकपा एमालेको टोल समिति गठन भएको छ ।



तस्वीरः प्रतीक

समितिको अध्यक्षमा बृजकिशोर चौरसिया, उपाध्यक्ष अम्बेया खातुनलगायत पच्चीसजना सदस्य छन् । समितिको अध्यक्ष चुनिएका चौरसियाले भने आफू अध्यक्ष पदमा नबस्ने प्रतिक्रिया दिएका छन् ।

वडा उपाध्यक्ष आवरसली हवारीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले नगर कमिटीका सदस्य पूजा चौधरी, जिल्ला सदस्य रामचन्द्र राम, नगर कमिटी सदस्य अबदुलाह देवान, हरिन्द्र राउतलगायतको उपस्थिति थियो ।

# स्वस्थ जीवन निम्ति मुख स्वस्थ राख्न अपरिहार्य
## विश्व मुख स्वास्थ्य दिवसमा सबैजना सजग बनौं

स्वास्थ्य




डा दीपक ठाकुर

स्वस्थ मुखले हाम्रो शरीरमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले यसमा यदि कुनै परिवर्तन देखिन थालेको छ भने सजग हुनुपर्छ । मुखलाई हाम्रो शरीरको द्वार पनि भनिन्छ। शरीरलाई बचाउन चाहिने ऊर्जाको उत्पादन मुखबाट नै शुरू हुन्छ। शरीरको निम्ति मुखको आवश्यकताको जति बखान गरे पनि कमै हुन्छ ।

मुखको सही जाँच र सजगता अँगाली ध्यान दियौं भने यसले शरीरमा भइरहेको परिवर्तन र रोग लागेको थाहा पाई यसको अथवा निरोगी हो त्यो व्यक्तिको मुख स्वास्थ्यबाट सहजै थाहा पाउन सक्छौं । त्यसैले दन्त चिकित्सकको पनि एउटा मुख्य भूमिका हुन्छ यदि व्यक्तिमा कुनै रोगको लक्षण देखिन थालेको छ भने उसलाई मूलभूत जानकारी र सल्लाह दिनुपर्छ। हामीले तल मुखमा देखिने समस्याहरू कसरी शरीरको विभिन्न रोग र अवस्थासँग एक आपसमा जोडिएको छ उल्लेख गरेका छौं ।

मुखमा देखिने समस्याहरू अथवा परिवर्तन दन्त चिकित्सकको सल्लाहमा




पूर्व निदानका उपाय गर्न सक्छौं र रोग गम्भीर अवस्थामा पुग्नबाट बचाउन सकिन्छ। मुख स्वस्थ शरीरको ऐना हो र यदि शरीरमा सामान्य अवस्था परिवर्तन भई रोगी भएमा पहिलो परिवर्तन मुखमा देखिन्छ ।

मुखमा देखिने परिवर्तनले शरीरको अवस्थालाई बताउँछ । शरीर रोगी हो मात्र शरिरसँग जोडिएको छ वा छैन भनी निष्कर्षमा पुग्नुपर्छ । सबै मुखमा भएको घाउ शरीरसँग नै जोडिएको हुन्छ भनी सोच्नुहुँदैन। व्यक्तिको मुख स्वास्थ्य सम्बन्धी लापरवाही र अज्ञानताले मुखमा विभिन्न प्रकारका अवस्था र रोग लागेको देखिन्छ। मुखसम्बन्धी रोगलाई सामान्य अवस्था मानेर ध्यान नदिए यसले भविष्यमा घातक नतीजा दिन सक्छ । रोगहरू प्रारम्भिक चरणमैं निको भए भविष्यमा हुने दुःख र खर्च दुवैबाट बच्न सकिन्छ। खराब अवस्थामा क्यान्सरको अन्तिम स्टेजमा पुगेपछि बचाउन निकै गाह्रो हुन्छ। दक्षिण एशियामा मुखको क्यान्सर दोस्रो ठूलो र सबैभन्दा बढी लाग्ने क्यान्सर हो। यसबाट बच्न कुनै किसिमको घाउ, खटिरा, अल्सर अथवा मुखमा सानो कुनै पनि परिवर्तन देखिए तुरून्त दन्त चिकित्सक कहाँ गएर मुख स्वास्थ्यको परीक्षण गराउनुपर्छ ।

| मुखमा देखिने | शरीरको अवस्था |
|---|---|
| मुखमा सेतो घाउ | लाइकेन् प्लानस, पेम्फिगास |
| छालामा रङ्गद्रव्य | एडिसन रोग |
| गिजामा रगत आउने | मधुमेह, रगतको क्यान्सर |
| दाँतको घर्षण | पेटको समस्या |
| इनामेल बन्नमा समस्या | भिटामिन एको कमी |
| दाँतको विकासात्मक विसङ्गतिहरू | भिटामिन डीको कमी |
| जिब्रोको परत हराउनु, ओठ फिक्का | भिटामिन बीको कमी |
| गिजामा रगत बग्नु, घाउ निको नहुनु | भिटामिन सीको कमी |
| दाँत कमजोर र खुकुलो हुनु | क्याल्सियमको कमी |
| दाँत उम्रिने र झर्ने समय कम हुनु | ग्रन्थिको समस्या |
| चिउँडो विकसित नहुनु | थाइराइडको कमी |
| स्थायी दाँत समयभन्दा पहिले उम्रिनु | थाइराइडको बढी मात्रा |
| फङ्गल सङ्क्रमण | पाराथाइराइडको कमी |
| मुखभित्र सिस्ट र फ्रक्चर | पाराथाइराइड मात्रा बढी |
| तालु फाटेको | एड्रेनल ग्रन्थिको कमी |
| गिजा सुनिनु, सुख्खा मुख | इनसुलिनको कमी |
| जिब्रोको परतमा चमक | रक्तअल्पता |
| दाँतको रङ्ग हरियो, नीलो हुनु | इरीठ्रोब्लास्टोसिस फेटालिस |
| ओठको कुनामा फिसर, जिब्रो दुखाइ | आइरनको कमी |
| दाँत झर्नु, गिजाबाट रगत बग्नु | रगत क्यान्सर |
| अकस्मात् गिजाबाट रगत बग्नु | प्लाटेलेट कमी |
| टन्सिलमा खैरो झिल्ली छोपिएको | भ्यागुते रोग |
| मुख तथा गिजामा घाउ | क्षय रोग |
| जिब्रो, ओठ र तालुमा गाँठो देखिनु | कुष्ठ रोग |
| किम्बुको फल जस्तो दाँत | भिरिङ्गी रोग |
| मुखमा ढुसी जस्तो घाउ | एडस रोग |
| मुखको अल्सर, ओठमा फिसर | हरपिस भाइरस सङ्क्रमण |
| धातुजस्तो स्वाद, मुख पोल्नु | बीसमुथ मात्रा बढी |
| र्याल बढ्नु, गिजामा रङ्गद्रव्य, | अल्सर मरक्युरीको मात्रा बढी |
| फिक्का जिब्रो, ओठ र अनुहार | लीड मात्रा बढी |
| बैजनी रङ्गको ओठ र गिजा | जन्म देखिको मुटुरोग |

# इकोनोमिक वाच : रूस–युक्रेन द्वन्द्वले भारतीय अर्थतन्त्रमा बढायो चिन्ता

– पीरजादा अरशद हमीद, नयाँ दिल्ली,

रूस र युक्रेनबीच जारी द्वन्द्वले भारतीय अर्थतन्त्रमा गहिरो चिन्ता मडारिन थालेको छ । द्वन्द्वबाट प्रेरित वस्तुहरूको अन्तर्राष्ट्रिय लागतमा भएको वृद्धिले भारतमाथि दबाब उत्पन्न गरिरहेको छ । भारतले कोभिड–१९ महामारीको दुई घातक लहरपछि आर्थिक सुधार पुनः प्राप्त गर्ने प्रयास गरिरहेको छ ।

महामारीको बेला दक्षिण एशियाली मुलुक भारतले लागू गरेको कडा लकडाउनले आर्थिक वृद्धि ओरालो लागेको छ । आधिकारिक तथ्याङ्क अनुसार भारतको आर्थिक वर्ष २०२१–०२२ मा गत आर्थिक वर्ष ६–६ प्रतिशत सङ्कुचनपछि ८.९ प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ ।

जबकि त्यो 'रिकभरी' प्रमुख अर्थतन्त्रहरूमध्ये सबैभन्दा छिटो हुनेछ । यो अझै पनि गत महीना सरकारले प्रक्षेपण गरेको ९.२ प्रतिशत विस्तारभन्दा सुस्त हो ।

**खाद्यान्न मूल्य र खेती लागतमा वृद्धि**

कृषि उत्पादनका दुई प्रमुख आपूर्तिकर्ता युक्रेन र रूस द्वन्द्वमा फसेकाले भारतमा आगामी दिन खाद्य तेलको मूल्य आकाशिने सम्भावना छ । कृषि उत्पादनका पण्डित र भविष्यका व्यापारीहरूले तोरीमा ठूलो दाउ लगाइरहेका छन्। मुलुकको केही भागमा आवश्यकताभन्दा बढी सामग्री जम्मा गर्न शुरू भएको आन्तरिक सूत्रले बताएको छ ।

रूस र युक्रेन मिलेर भारतलाई ९० प्रतिशत सूर्यमुखी तेल आपूर्ति गर्छन् । युक्रेनबाट भारतको आयात २०२१ मा दुई अर्ब ६० करोड अमेरिकी डलर थियो। सोमध्ये एक अर्ब ८५ करोड डलर वनस्पति तेल, मुख्यतया सूर्यमुखी तेलमा खर्च गरिएको थियो ।

तनाव बढ्दै गएपछि व्यापारी र विज्ञहरूले मूल्य वृद्धिको आशा गरिरहेका छन् ।

"भारतीय फ्राइङ प्यानहरूमा यो बहुमूल्य तेलको याद आउन सक्छ र कुनै स्वस्थ विकल्प नभएका कारण मूल्यहरू पहिले नै बढिसकेका छन्। साथै सिपिङ कम्पनीहरू कृष्ण सागरबाट माल ढुवानीका लागि उच्च बीमा प्रिमियम चार्ज गरिरहेका छन्"–स्वतन्त्र कृषि नीति विश्लेषक इन्द्रशेखर सिंह भन्छन् ।

"यसले खाद्य तेलको मूल्यमा प्रत्यक्ष प्रभाव पर्नेछ"–विश्लेषक सिंह भन्छन्–"भारतमा खाना पकाउने तेलको बढ्दो मागले हाम्रो समस्यालाई थपेको छ भन्ने देखेर र रापसीड (तेलको एक प्रकार) निर्यात रोकिएको तथ्य थाहा हुँदाहुँदै यसले सहयोग गर्दैन ।"

खाद्यान्नको मूल्य र सुरक्षाको लागि अर्को ठूलो खतरा रासायनिक मलको अभाव हो ।

रूस पोटासको दोस्रो ठूलो उत्पादक हो, जुन डि–अमोनियम फास्फेट (डिएपी) उत्पादन गर्न प्रयोग गरिन्छ । डिएपी रासायनिक/औद्योगिक कृषिका लागि महत्त्वपूर्ण भएकोले डिएपी नहुँदा किसानहरूलाई खराब उत्पादन र आफ्नो बालीको अङ्कुरणको अनुभव नहुन सक्छ।

डिएपीको भाउ बढ्न थालेको र नाइट्रोजन मलको पनि मूल्य बढेको प्रतिवेदनले जनाएको छ ।

रूसविरुद्ध पश्चिमाद्वारा लगाइएको प्रतिबन्धको परिप्रेक्ष्यमा मूल्य वृद्धि अझ तीव्र हुनेछ । जसका कारण खेतीको लागतमा वृद्धि हुनेछ ।

**आर्थिक सुधारमा अलमल**

द्वन्द्वका बीच तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघेको छ। मूल्यवृद्धि सन् २०१४ जूनपछिकै उच्च हो । भारत प्रतिदिन ५५ लाख ब्यारेलसम्म खपत गर्ने तेलको विश्वको तेस्रो ठूलो उपभोक्ता हो। भारतको कर राजस्व पनि तेलमा धेरै निर्भर छ । तेलले सङ्घीय अन्तःशुल्कको ५० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ ।

विज्ञहरूका अनुसार ठूला उदीयमान अर्थतन्त्रमध्ये कुनै पनि देश भारतभन्दा बढी उच्च तेलको मूल्यजन्य जोखिममा छैनन् । साथै इन्धनको मूल्यवृद्धि भनेको दैनिक उपभोग्य वस्तुहरूको मूल्य वृद्धि हो ।

"तेल र ग्याँसमा प्रतिबन्ध खराब विचार हो। यसले विश्वव्यापी आर्थिक सुधारलाई सुस्त बनाउँछ"–ऊर्जा विशेषज्ञ नरेन्द्र तनेजाले भने–"उदीयमान र गरीब अर्थतन्त्र सबैभन्दा बढी प्रभावित हुनेछन्। ऊर्जा गरीबी बढ्ने छ। मुद्रास्फीति बढ्ने छ। लाखौं र करोडौं पीडित हुनेछन् ।"

इन्धनको मूल्यमा भएको वृद्धिले भारतको वृद्धिलाई असर गर्छ र आर्थिक पुनरुत्थानलाई सुस्त बनाउँछ ।

सामको भेन्चर्सका सिइओ जिमीत मोदीले भर्खरै भनेका छन्–"भारत राम्ररी सुसज्जित भए पनि दक्षिण एशियाली यो देश पक्कै पनि यसको असरबाट अछुतो छैन ।"

"हाम्रो जनसङ्ख्याको एउटा ठूलो भाग स्थिर वा घट्दो आय र बढ्दो जीवन लागतसँग लडिरहेको छ, वर्तमान देखिने निजी माग पिरामिडको शीर्षबाट उत्पन्न भइरहेको छ । यसले निरन्तर उच्च मुद्रास्फीतिसँगै एउटा स्थिर मुद्रास्फीतिको स्थितिको विकास भएको सङ्केत दिन सक्छ जहाँ आर्थिक विकास सुस्त हुन्छ"–उनले भने ।

"यदि वस्तुको मूल्यमा निरन्तर वृद्धि जारी रह्यो भने यसले सम्बद्ध क्षेत्रहरूमा रहेका कम्पनीहरूलाई आफ्नो मार्जिन जोगाउन अन्तिम उपभोक्तामा केही मूल्य वृद्धि गराउन बाध्य पार्छ"–मोदीले भने ।

अनुवादः दिलीप अधिकारी

# चोरी गरेको आरोपमा एकजना पक्राउ

बलिराम शुक्ला, बिरुवागुठी ६ चैत/

जुनतारा महिला बचत तथा ऋण




[redacted] सहकारी संस्था लि. बडनिहार [redacted]

स[redacted] लि. बडनिहारको
क[redacted] शुक्रवार राति चोरी
भ[redacted]चोरी गरेको आरोपमा
अ[redacted]न एकजनालाई पक्राउ
ग[redacted] जनाएको छ। पक्राउ
प[redacted]ढी नगरपालिका-३
बडनिहारका २६ वर्षीय बिर्जु साह तुराहा रहेको बडनिहार प्रहरी चौकीले जनाएको
छ।[redacted] अन्य व्यक्तिहरूको
खोज[redacted]ले जनाएको छ।
[redacted] शुक्रवार चोरहरूले
ढोक[redacted]र नगद रु २५ सय
र [redacted] चोरेको संस्थाकी
उपा[redacted]डेलले बताइन्।

## फरक समाचार

# खाली पेट के गर्नुहुँदैन

अधिकांश व्यक्तिलाई बिहान उठ्ने बित्तिकै भोक लाग्छ वा चियाको तलतल लाग्ने गर्छ। कसै–कसैले बिहान उठ्ने बित्तिकै हल्काफुल्का खानेकुरा खान्छन् । धेरैबेरसम्म भोको रहँदा कसैकसैलाई एसिडिटी, पेट दुखाइ, बान्ता, न्यून रक्तचापको



समस्या भएपछि केही खाएर भोक मेटाउँछन् । तर पछि समस्या भोग्नुपर्छ । बिहान खाली पेट विचार गरेर खानुपर्छ ।

**खाली पेट अल्कोहल पिउनुहुँदैनः** खाली पेट कहिल्यै रक्सीसेवन गर्नुहुँदैन । यसले पेटलाई हानि पुऱ्याउँछ । एकपटक अल्कोहल ब्लड स्ट्रिममा पुगेपछि यो तीव्र गतिमा शरीरमा फैलिन्छ। यसबाट ब्लग वेसल्स फैलिन्छ । जानकारका अनुसार मान्छेले जति अल्कोहल पिउँछ, त्यसको २० प्रतिशत भाग एक मिनेटमैं दिमागमा पुग्छ। यदि पेट भरिएको छ भने अल्कोहललाई ब्लड स्ट्रिममा पस्नबाट रोक्छ ।



**खाली पेट किनमेल गर्नुहुँदैनः** खाली पेट किनमेल गर्दा हामी आवश्यकताभन्दा बढी सामान किन्छौं। साथै किनमेल गर्ने क्रममा हामी हाई क्यालोरी भएको खाद्यान्न पनि किन्छौं। यसैले खाली पेट किनमेल गर्नु स्वास्थ्यको लागि मात्र होइन आफ्नो गोजीको लागि पनि हानिकारक हुन्छ ।

**खाली पेट रिसाउनुहुन्नः** खाली पेट भएको बेलामा रिसाउँदा नोक्सान हुन्छ। किनभने भोकमा ब्लड सुगरको स्तर खस्किन्छ। तसर्थ रिस उठ्छ भने केही खाजा खानुपर्छ। खाली पेटले रिसलाई बढावा दिन्छ, यसैले सधैं झोलामा केही हल्काफुल्का खानेकुरा राख्नुपर्छ ।

**च्युङ्गमः** खाली पेट च्युङ्गम चपाउन गाह्रो हुन्छ। किनभने चपाउनु एउटा प्राकृतिक प्रक्रिया हो जस्तै मनुष्यले चपाउन शुरू गर्छ, हाम्रो पेटमा डाइजेस्टिभ एसिड बन्न थाल्छ । यो डाइजेस्टिभ एसिडले खाली पेटमा एसिडिटीदेखि अल्सरसम्मलाई निम्त्याउन सक्छ। तसर्थ केही खाएर मात्र च्युङ्गम चपाउनुपर्छ ।



**चिया कफी पिउनुहुन्नः** धेरैजसोले खाली पेट चिया वा कफी पिउने गर्छन्। यसले गर्दा पेटमा एसिडिटी बढ्छ। कफीमा रहेको कम्पाउन्डले पेटमा हाइड्रोक्लोरिक एसिडलाई बढाउँछ । बिहान शरीरलाई पानीको आवश्यकता पर्छ । त्यति बेला हामीले चिया पिउँदा निर्जलीकरण, ग्याँस, एसिडिटीको समस्या बढ्छ ।

विज्ञका अनुसार बिहान खाली पेट चिया पिउँदा यसबाट कलेजोबाट निस्किने बाइल जुसले पाचन क्रियामा मदत गर्न सक्दैन, जसले गर्दा बान्ता, चक्कर, छातीमा जलन र पेट दुख्ने समस्या उत्पन्न हुन्छ । त्यसैगरी, हाम्रो मुखमा रातभरि जुन ब्याक्टेरिया जन्मिन्छ, त्यो चियाको माध्यमबाट शरीरमा पुग्छ, जसले गर्दा हाम्रो मेटाबोलिज्म निकै प्रभावित हुन्छ। साथै शरीरमा अन्य समस्या पनि उत्पन्न हुन्छन् ।

जानकारका अनुसार खाली पेट चिया सेवन गर्दा हाम्रो पेटको भित्री सतहमा नोक्सान पुग्छ । हाम्रो पेटको भित्री सतहमा समस्या आएमा अल्सर हुन सक्छ । त्यसैगरी, बिहान खाली पेट चियासेवन गर्ने बानीले पछि गएर हाड कमजोर हुन्छ। पहिले शरीरको जोर्नीमा दुखाइ शुरू हुन्छ र त्यसपछि यो दुखाइले हाम्रो हाडलाई कमजोर गर्छ ।



हाम्रो शरीरले रातिको समय पानी पाउँदैन किनभने त्यति बेला हामी सुतिरहेका हुन्छौं । यस अवस्थामा हाम्रो शरीर निर्जलीकरण हुन्छ । शरीर निर्जलीकरणको समयमा हामीले कैफिन सेवन गर्दा निर्जलीकरणको समस्या झनै बढ्छ। बिहान खाली पेट चिया पिउँदा शरीरको अल्कालाइन ब्यालेन्समा समस्या हुन्छ। जसले गर्दा शरीरको मेटाबोलिज्मसँग सम्बन्धित रोगहरू उत्पन्न हुन्छन्।

खाली पेट चियासेवन गर्दा दाँतमाथि पनि असर पर्छ । दाँतको इनामेल बिग्रिन्छ र गिजा दुख्ने, सुन्निने समस्या पनि हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जेलेन्स्कीलाई शरण प्रस्ताव गर्ने सम्भावनाबारे छलफल

लन्डन, ६ चैत/एएनआई/ स्पुतनिक

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले युक्रेनमा जारी रूसको विशेष सैन्य कारबाईका बीच राष्ट्रपति भोलोडिमिर जेलेन्स्की र उनको परिवारलाई बेलायतमा शरण दिने प्रस्ताव गरेको बताएका छन् ।


बेलायतका प्रधानमन्त्री बोरिस जोनसन । तस्वीरः फाइल

जोनसनले सन्डे टाइम्सलाई बताए अनुसार जेलेन्स्कीसँग नियमित कुराकानी हुन्छ र उनी एक 'निक्कै आकर्षक व्यक्तित्व र प्रेरणाको स्रोत पनि साबित भएका छन्' ।

बेलायती प्रधानमन्त्रीका अनुसार जेलेन्स्की र उनको परिवारले बेलायतमा शरण लिने सम्भावनाबारे छलफल भएको थियो, तर 'भोलोडिमिर सधैं स्पष्ट रहेका छन्, उनको कर्तव्य युक्रेनी जनताप्रति हो, उनी त्यहीं बस्नेछन् र जनताको हेरचाह गर्नेछन् । म उनको प्रशंसा गर्छु' ।

डोनेट्स्क र लुहान्स्क जनवादी गणतन्त्र (डिपिआर र एलपिआर) ले युक्रेनविरुद्ध आफूलाई बचाउन मदतको लागि अपील गरेपछि गत फेब्रुअरी २४ मा रूसले युक्रेनमा विशेष सैन्य कारबाई शुरू गरेको हो ।

यता रूसले भने विशेष अपरेशनको उद्देश्य युक्रेनको असैन्यीकरण र 'डिनाजिफाइ' गर्नु हो र केवल सैन्य पूर्वाधारलाई लक्षित गरिएको छ – नागरिक जनसङ्ख्या खतरामा छैन भनेको छ। मस्कोले बारम्बार जोड दिँदै भनेको छ उसको युक्रेन कब्जा गर्ने कुनै योजना छैन ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनका अनुसार डोनबासका जनतालाई जोगाउने लक्ष्य रहेको छ, जो आठ वर्षदेखि कीभ शासनद्वारा दुर्व्यवहार र नरसंहारको शिकार भएका छन् ।

रूसको अपरेशनको प्रतिक्रियामा, पश्चिमी देशहरूले मस्कोविरुद्ध व्यापक प्रतिबन्ध अभियान चलाएका छन् जसमा धेरै रूसी अधिकारी र संस्था, मिडिया, र वित्तीय संस्थाहरूलाई लक्षित गर्ने हवाई क्षेत्र बन्द र प्रतिबन्धात्मक उपायहरू समावेश छन् । रासस

## समुद्री किनारमा कम्तीमा २० अवैध आप्रवासीको शव प्राप्त

ट्युनिस ६ चैत/सिन्ह्वा

ट्युनिशिया उत्तरी समुद्री किनारा नबेयलमा अवैध आप्रवासीहरूको शव प्राप्त भएको छ । शनिवार पनि थप आठ शव भेटिएको बताइएको छ। यो समेत गरी यस क्षेत्रमा कम्तीमा पनि २० वटा शव भेटिएको यहाँको रेडियो स्टेशनले जनाएको छ ।

यहाँको रेडियो सेम एफएमले शनिवार दिएको समाचार अनुसार यस अघि गत शुक्रवार ट्युनिशियाको सो समुद्री किनारामा १२ वटा शव भेटिएको थियो र शनिवार थप ७ जनाको शव भेटिएको हो। ट्युनिशियाको सो समुद्री किनारा युरोप जाने आप्रवासीहरूले प्रयोग गर्ने गरेको एक मुख्य नाका पनि हो ।

उनीहरू अवैधरूपमा युरोप प्रवेश गर्ने क्रममा सो क्षेत्रमा पुगेका र दुर्घटनामा परेका अनुमान गरिएको ट्युनिशियाली प्रहरीले जानकारी दिएको छ । रासस

## चीनमा १ अर्ब २४ करोड जनसङ्ख्यालाई कोरोनाको पूर्ण मात्रा खोप

बेइजिङ ६ चैत/सिन्ह्वा

चीनले कम्तीमा १ अर्ब २४ करोड जनसङ्ख्यालाई कोभिडविरुद्ध पूर्ण मात्राको खोप लगाएको जनाएको छ । चीन सरकारले बितेको शुक्रवारसम्मको तथ्याङ्क अनुसार १ अर्ब २४ करोड जनसङ्ख्यालाई पूर्ण मात्राको खोप लगाएको जनाएको हो ।

चीनको नेशनल हेल्थ कमिशनका प्रवक्ता मि फेङले शनिवार सो कुराको जानकारी दिएका हुन् । उनले भनेका छन् कि चीन सरकारले यहाँका नागरिकलाई कोरोना भाइरसविरुद्ध खोप निकै तीव्र गतिमा दिइरहेको छ र गत शुक्रवारसम्म यहाँका १ अर्ब २४ करोड नागरिकलाई यो खोप दिइसकिएको छ।

यहाँका ६० वर्षभन्दा माथिका करीब ८० प्रतिशत नागरिकलाई कोरोना भाइरसविरुद्ध पूर्ण मात्रा खोप दिइएको बताइएको छ । साथै प्रवक्ता लिका अनुसार यहाँका करीब ६५ करोड नागरिकलाई कोरोना भाइरसविरुद्ध बुस्टर मात्रा खोप दिइएको पनि बताइएको छ ।

शुरूमा कोरोना भाइरसले असर गर्ने भनेर ६० वर्षमाथिका नागरिकलाई यो खोपको मात्रा दिनेगरी प्राथमिकता निर्धारण गरिएकोमा अहिले सबै नागरिकलाई खोप लगाइएको हो। रासस

## तालिबानले अर्को हप्ता बालिकाका लागि विद्यालय खोल्ने

काबुल, ६ चैत/एएनआई

तालिबानले मार्च २२ देखि छात्राहरूलाई पनि विद्यालय जान अनुमति दिने भएको छ । योसँगै अब अफगानिस्तानमा तालिबानले सत्ता कब्जा गरेदेखि बालिकाहरूलाई विद्यालय प्रवेशमा लगाइएको प्रतिबन्ध अन्त्य हुनेछ।



ह्युमन राइट्स वाच (HRW) का पूर्व वरिष्ठ अफगानिस्तान अनुसन्धानकर्ता हेदर वारले उद्घाटन गरेको निर्णयसँगै बालिकाहरूले पढ्न पाउने अधिकारको केही हदसम्म भए पनि सुनिश्चितता गर्नेछ। सत्तामा आएदेखि तालिबानले महिलाको आवागमन स्वतन्त्रता कुल्चने लगायत हरेक क्षेत्रमा महिला अधिकारमाथि बन्देज लगाएको थियो ।

कन्याहरू पढ्ने अधिकांश माध्यमिक विद्यालय बन्द छन् । विश्वविद्यालयहरू भर्खरै नयाँ नियमका साथ पुनः खोलिएका छन् । रासस

## अमेरिकामा कार शोमा गोली चल्दा कम्तीमा १० जना घाइते

अर्कान्सास, ६ चैत/एएनआई

संयुक्त राज्य अमेरिकाको अर्कान्सासमा एउटा कार शोमा गोली चल्दा कम्तीमा १० जना घाइते भएको शनिवार सञ्चारमाध्यमहरूले जनाएका छन् । एएसपी (अर्कन्सास राज्य प्रहरी) लाई प्राप्त प्रारम्भिक जानकारी अनुसार गोली चल्दा कम्तीमा १० जना घाइते भएका छन्, प्रहरीले शनिवार अमेरिकी प्रसारण नेटवर्क नेशनल ब्रोडकास्टिङ कम्पनी (एनबिसी) लाई उद्धृत गर्दै विज्ञप्तिमार्फत जनाएको छ ।

अर्कान्ससको देशा काउन्टीस्थित डुमस शहरमा शनिवार राति गोली चलेको हो ।

प्रहरीका अनुसार राजमार्ग गश्ती अधिकारी, सेना र अन्वेषकहरूलाई कार शो भइरहेको व्यावसायिक स्थानमा पठाइएको थियो ।

सम्भावित संदिग्धहरू र घाइतेहरूको अवस्थाबारे अहिलेसम्म कुनै जानकारी आएको छैन । रासस

बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं ।
वीरगंज महानगरपालिका

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# नेपाल-भारत ऊर्जा आदानप्रदान

## मैनहिया–सम्पत्तिया प्रसारण लाइन द्रुतगतिमा

काठमाडौं, ६ चैत/रासस

नेपाल र भारतका बीचमा विद्युत् आदानप्रदानका लागि महत्त्वपूर्ण मानिएको मैनहिया–सम्पत्तिया प्रसारण लाइनको निर्माणले गति लिएको छ ।

भारतको उत्तर प्रदेश जोड्ने १३२ किलोभोल्ट (केभी) क्षमताको डबल सर्किट प्रसारण लाइनको निर्माण ६० प्रतिशत सम्पन्न भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । रूपन्देहीको मैनहिया सबस्टेशनबाट भारतको उत्तर प्रदेशस्थित सम्पत्तिया (न्यू नौतनुवा) सबस्टेशन जोड्ने प्रसारण लाइनको निर्माण आगामी असारसम्ममा सक्ने लक्ष्यका साथ धमाधम काम भइरहेको छ ।

कुल २८ किलोमिटर प्रसारण लाइनमा पर्ने ९६ वटा टावरमध्ये ४४ वटाको जग हालिएको छ । पाँचवटा टावर खडा गरिएको छ । प्रसारण लाइनमा पर्ने जग्गाको मुआवजा निर्धारण भइसकेको छ । प्रसारण लाइनका उपकरण आयोजनास्थलमा ल्याइसकिएको प्राधिकरणको भनाइ छ। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्की, नेपाल विद्युत् प्राधिकरणका सञ्चालक, कार्यकारी निर्देशक, उपकार्यकारी निर्देशकसहितको टोलीले आयोजना निर्माणस्थलको अनुगमन गरी आयोजनाको काम शीघ्र सम्पन्न गर्न निर्देशन दिएको छ ।

अनुमगन टोलीले नेपाल र भारतबीचको विद्युत् व्यापारका लागि यो लाइन महत्त्वपूर्ण रहेकाले तोकिएकै समयमा निर्माण सम्पन्न गर्न आयोजना व्यवस्थापनलाई आग्रह गरेको थियो । नेपाल र भारतबीचका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको २०७५ माघमा पोखरामा सम्पन्न छैटौं बैठकले भारतको उत्तर प्रदेश र नेपालबीच न्यू नौतनुवा–मैनहिया १३२ केभी प्रसारण लाइन निर्माण गर्ने सहमति गरेको थियो। यसपछि २०७६ कात्तिकमा भारतको बैङ्लोरमा सम्पन्न ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको सातौं बैठकले प्रसारण लाइनलाई न्यू नौतनुवा (सम्पत्तिया, भारत) सबस्टेशनमा जोड्ने निर्णय गरेको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हाल उत्तर प्रदेशसँग ३३ केभी क्षमताको मात्र प्रसारण संरचना रहेकोले अन्तरदेशीय विद्युत् व्यापारलाई अझ सहज बनाउन १३२ केभी प्रसारण लाइन निर्माण गर्न लागिएको बताए । "नेपाललाई आवश्यक परेमा आयात गर्न र यहाँ खपत गरी बढी भएको विद्युत् उत्तर प्रदेशमा निर्यातका लागि यो लाइन महत्त्वपूर्ण छ," कार्यकारी निर्देशक घिसिङले भने, "लाइन सम्पन्न भएपछि भारतको उत्तर प्रदेशसँग पनि १३२ केभीको प्रसारण पूर्वाधार तयार हुनेछ, यसबाट दुई मुलुकबीचको विद्युत् व्यापार थप सहज र विस्तार हुनेछ ।"

आयोजनाको कुल लागत ८० लाख अमेरिकी डलर रहेको छ । मैनहिया १३२ केभी सबस्टेशनबाट शुरू हुने प्रसारण लाइन भारतसँगको सीमाबिन्दु मर्चवार (श्रीरामपुर)सम्म निर्माण गरिनेछ । भारततर्फ लाइन जोड्नका लागि सबस्टेशनमा दुईवटा बे र ३/४ वटा टावर निर्माण गर्नुपर्ने आयोजनाका प्रमुख हरि पाण्डेले जानकारी दिए। सो कार्यका लागि नेपालले रकम उपलब्ध गराउने र भारतीय पक्षले काम गर्ने सहमति भएको उनको भनाइ छ ।

**बुटवल–लुम्बिनी प्रसारण लाइन निर्माण अन्तिम चरणमा**

रूपन्देहीको भैरहवा क्षेत्रको विद्युत् आपूर्तिमा सुधार र प्राविधिक चुहावट नियन्त्रणका लागि योगीकुटी (बुटवल)बाट मैनहियासम्म निर्माणाधीन १३२ केभी डबल सर्किट प्रसारण लाइन आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको समग्र निर्माण प्रगति ९५ प्रतिशत पुगेको छ। कुल १८ किलोमिटर प्रसारण लाइनमा पर्ने ५६ टावरमध्ये ५५ वटाको निर्माण सम्पन्न भएको छ। यस्तै, १० किलोमिटर तार टाङ्गिएको छ। बुटवल बजार क्षेत्रमा प्रसारण लाइनलाई दुई किलोमिटर भूमिगत गर्ने काम भइरहेको छ। मैनहिया सबस्टेशनमा राखिने १३२/३३ केभी, ४५ एमभिए क्षमताका दुईवटा पावर ट्रान्सफर्मरमध्ये एउटा जडान भइसकेको छ। बाँकी एउटा र ३३/११ केभी, १६ एमभिए पावर ट्रान्सफर्मर आयोजनास्थलमा ल्याउने क्रममा रहेको छ । प्रसारण लाइन र सबस्टेशन दुई महीनाभित्रमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको प्राधिकरणले जनाएको छ ।

## होली पर्व अवधिमा दुर्घटनामा तीनजनाको मृत्यु

प्रस, जीतपुर, ६ चैत/

मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाले होली पर्व मनाउने क्रममा तीनजनाको मृत्यु भएको जनाएको छ । होलीमा मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउँदा अत्यधिक दुर्घटना हुने कुरालाई दृष्टिगत गरी प्रदेशको आठवटै जिल्लामा ट्राफिक कारबाई व्यापक गरिएको थियो। धनुषामा सवारी दुर्घटनामा तीनजनाको मृत्यु भएको प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

धनुषामा चैत ३ देखि ५ गतेसम्म तीन दिनमा ८४ वटा दुर्घटना भएकोमा तीनजनाको मृत्यु भएको, ५६ जना गम्भीर घाइते भएका र ११४ जना सामान्य घाइते भएका ट्राफिक प्रहरीले जनाएको छ। यी घटनाहरूमा १२० वटा सवारीसाधन संलग्न रहेको सो कार्यालयले जनाएको छ ।

यसैगरी, तीन दिने अवधिमा सप्तरीमा ५६, सिराहामा १५८, महोत्तरीमा ३१, सर्लाहीमा २५, रौतहटमा १४, बारामा ७ र पर्सामा ९१ वटा सवारीसाधन नियन्त्रणमा लिएको र २६७ वटा सवारीसाधनलाई कारबाई गरी एक लाख ६३ हजार ५०० राजस्व सङ्कलन गरिएको ट्राफिक प्रहरीले जनाएको छ ।

यसैगरी, मापसेमा ६८ जनालाई कारबाई गरी ६८ हजार रुपैयाँ राजस्व सङ्कलन गरिएको मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाका प्रहरी उपरीक्षक नन्तिराज गुरुङले बताए । उनले रौतहट र बारामा बाहेक छवटै जिल्लामा मापसे चेकजाँच गरिएको जानकारी गराएका छन् ।

### बैंक वित्तीय संस्था.....

छन् ।

त्यसमा सप्तरीको राजविराज र कञ्चनपुर, सिराहाका दुई मालपोत कार्यालय, जनकपुरधाम, जलेश्वर, महोत्तरी, सर्लाहीका तीन मालपोत कार्यालयले मुख्यमन्त्री स्वच्छता अभियान कोषमार्फत रकम सङ्कलन गरेको छ । प्रदेश नं २ का रौतहट, बारा, पर्साका मालपोत कार्यालयमा समेत सो कोषमार्फत घरजग्गाको कारोबार गर्दा रकम सङ्कलन गरिएको छ ।

**N.B. BAZAAR PVT. LTD.**
लिंकरोड, घण्टाघर, वीरगंज, ०५१-५९१५७९

**VACANCY**

N.B. Bazaar (Nepal Beema Bazaar) Private Limited is a newly startup company in the Nepal working as an insurance broker/aggregator company, managed by a highly professional and experienced team in the insurance sector, has been planning to enhance its product and service significantly, business activities sizably and branch outlets continuously with a renewed strategic plan. The company therefore invites applications from highly competent, energetic and self-motivated Nepalese citizens for the under mentioned positions in order to fulfill the staff force of the Head office, Birgunj existing and upcoming Branches of the company.

1. Trainee assistant - Few
2. Jr. to Sr. Officer - Few
3. Manager - Few
4. Marketing Manager - Few
5. Company Secretary - One
6. IT Assistant - One
7. Semi qualified CA - One
8. Marketing Representative - Few (part time)

Job overview:
Job Category : Insurance
Preferred Gender : Male/Female
Job Level : Entry to Middle Level
No. of Vacancy/s : Few
Salary : As per the company's policy
Experience : Not Required (Post 1, 8), Required (Post 2,3,4,5,6,7)
Age Bar : 18-40 year
Job Location : Head office and upcoming Branches (Province 1, 2, 3,4,5,6 & 7)
Apply Before : 30th March 2022

**Educational Descriptions:**
Required Education: Bachelor (Running) to Master
Expected Faculty: Management
Computer Skills: MS Word, Excel, PPT etc.
**Mandatory Documents:** Citizenship, SLC Mark sheet, 11/12 transcript, Bachelor transcript, Masters Transcript/Mark sheet

**How to apply for the job?** Meeting the above criteria, interested candidates may send resume with cover letter to the following mail: **nbbazaarhr@gmail.com**

### ९३ प्रतिशत नेपाली......

करोड ८६ लाख ९५ हजार ८२६ पहिलो मात्रा, एक करोड ८६ लाख ९८ हजार ५९५ दोस्रो मात्रा र १८ लाख २९ हजार ५२० मात्रा बुस्टर डोज प्रदान गरिएको हो ।

नेपाल सरकारले भेरोसेल, कोभिशिल्ड, अस्ट्राजेनिका, मोडर्ना, फाइजर र जोन्सन खोप प्रदान गर्दै आएको छ ।

केही मात्र अनुदान सहयोग तथा अरू केही खरीद गरेर सरकारले कुल चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप प्राप्त गरेको थियो ।

नेपालमा हाल तीन हजार ९९६ सक्रिय कोभिड सङ्क्रमित छन्। कोभिड सङ्क्रमण शुरू भएदेखि नेपालमा गरिएका कुल परीक्षणमा ११ लाख १८ हजार १८० जनामा कोभिड सङ्क्रमण देखिएको र यसमध्ये नौ लाख ६२ हजार १७३ जनाले कोभिडलाई पराजित गरेका छन् ।

यस सङ्क्रमणबाट ११ हजार ९५० जनाको मृत्यु भएको छ ।

नेपाल सरकारले २०७८ चैतसम्ममा १८ वर्षमाथिका सबैलाई कोभिडविरुद्धको खोप लगाउने लक्ष्य लिएको छ । 'शतप्रतिशत खोप'को लक्ष्य पूरा गर्न अब सात प्रतिशत जनसङ्ख्यालाई मात्र खोप लगाउन बाँकी छ । १८ वर्षमुनिको उमेर समूहमा पनि पूर्ण मात्राको खोप पाउन अब नौ प्रतिशत जनसङ्ख्या मात्र बाँकी छ ।

# पोखरिया नगरपालिकाका दाबेदारहरू

धर्मेन्द्र चौरसिया, पोखरिया, ६ चैत/

पोखरिया नगरपालिकाको निर्वाचनको लागि सरगर्मी बढेको छ। नेपाल जनता दलबाट चुनाव जितेका नगरप्रमुख दीपनारायण रौनियार बदलिंदो राजनीति परिवेशमा नेपाली काङ्ग्रेसमा प्रवेश गरिसकेका छन् भने सोही पार्टीबाट उम्मेदवार हुने अडकल लगाइएको छ।

नेकाबाट यसअघिका पराजित उम्मेदवार रामेश्वर रौनियारको पनि सो पदमा दाबेदारी छ। दुईजनामध्ये कसले टिकट पाउने भन्ने निधो लागेको छैन। दुवैजना चुनावी तयारीमा छन्।



दीपनारायण रौनियार, रामेश्वर रौनियार, प्रद्युम्न चौहान, राजु साह, सकल यादव र नेजामुद्दीन समानी

जनता समाजवादी पार्टीबाट राजु साहको दाबेदारी हुने देखिएको छ। उनी अहिले जसपा प्रवेश गर्ने र पोखरिया नगरपालिकाको प्रमुखको टिकट हात पार्ने दाउमा छन्।

सम्भवतः सोमवार जसपामा प्रवेश गर्ने साहको तयारी छ। जसपाबाट उपप्रमुखमा वर्तमान उपप्रमुख सलमा खातुनको नाम चर्चामा छ। गत चुनावमा उनी मधेसी जनअधिकार फोरम नेपालबाट निर्वाचित भएकी थिइन्।



सलमा खातुन, आशा देवी, वीणा देवी

नेकपा एमालेबाट गत स्थानीय चुनावमा पराजित प्रद्युम्न चौहान उम्मेदवार हुने चर्चा छ भने तत्कालीन राजपाबाट पराजित नेजामुद्दीन समानी लोकतान्त्रिक समाजवादी पार्टीबाट उम्मेदवारी दिने चर्चा छ।

अहिले नगरप्रमुखका दाबेदारहरू आआफ्नो तरीकाबाट मत माग्दैछन्। पोखरिया नगरपालिकाको प्रमुखको लागि लोसपाका समानी र उपप्रमुखको दाबेदार आशादेवीले एक महीनाअगाडिदेखि घरदैंलो कार्यक्रम गर्दै आएका छन्।

नेपाल सुशासन पार्टीबाट नगरप्रमुखमा शङ्कर यादव र उपप्रमुखमा वीणादेवीको नाम चर्चामा छ।


## ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं।
- सडक बत्ती हेरेर मात्र बाटो काटौं।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं।
- पैदलयात्रीले फूटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## जिल्लास्तरीय नकआउट भलिबल प्रतियोगिता शुरू

प्रस, वीरगंज, ६ चैत/

सखुवाप्रसौनी गाउँपालिकाको सहयोग तथा ग्रेटर युवा क्लब, कौवावनकटैयाको आयोजनामा जिल्लास्तरीय नकआउट भलिबल प्रतियोगिता आइतवारदेखि कटैयाटोलमा शुरू भएको छ। पाँच दिनसम्म चल्ने भलिबल प्रतियोगितामा बिहार तथा




तस्वीरः प्रतीक

नेपालका टीमहरूले भाग लिने आयोजकले जानकारी दिएको छ।

आजदेखि शुरू भएको प्रतियोगिताको उद्घाटन पूर्वराज्यमन्त्री तथा प्रदेश सांसद करीमा बेगमले गरेकी थिइन्। गापा अध्यक्ष प्रदीप जयसवालको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सांसद मन्जुर अन्सारी, जसपाका नेता महमद सलाउद्दीन, फिरोज मन्सुर, शिवजीप्रसाद सोनी, नेपाली काङ्ग्रेसका जवाहरप्रसाद कुर्मीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## गठबन्धनलाई धूलो चटाउँछौं –पूर्वमन्त्री पौडेल

प्रस, जीतपुर, ६ चैत/

नेकपा एमाले जीतपुरसिमरा उपमहानगरपालिका–२४ को वडा अधिवेशनको पोलिटब्युरो सदस्य एवं मधेस प्रदेशका सहइन्चार्ज पुरुषोत्तम पौडेलले उद्घाटन गरेका छन। सो अवसरमा उनले जस्तोसुकै गठबन्धन बनेर आए पनि एमालेले सबै दललाई धूलो चटाउने दाबी गरे। उनले अन्य दलभन्दा बढी एमालेसँग जनताको समर्थन रहेको बताउँदै जनताको बलमा एमालेले अन्य दलहरूलाई धूलो चटाउने बताए। उनले स्थानीय निर्वाचनबाट पनि सो कुराको पुष्टि हुने बताए।



तस्वीरः सौजन्य

कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य सरस्वतीदेवी चौधरी, मधेस प्रदेशका सचिव कृष्ण पौडेल, एमाले बाराका अध्यक्ष विनोद साह, पूर्वअध्यक्ष देवनारायण चौधरी, उपाध्यक्ष टीना सुवेदी, सचिव अध्यानन्द पाण्डे, प्रदेश कमिटी सदस्य मोबिन आलम, कलामुद्दीन अन्सारी, तारा कार्की, भोला अधिकारी, एमालेका नेता सेराजुल अन्सारी, मनोज पौडेललगायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए। अधिवेशनले भोला अन्सारीको अध्यक्षतामा ४१ सदस्यीय वडा कमिटी गठन गरेको छ। कार्यक्रम वडाध्यक्ष इलियास देवानको अध्यक्षतामा भएको थियो भने सहजीकरण रुस्तम अन्सारीले गरेका थिए।

## सन्त साहको सपना साकार पारिन्छ –साह

प्रस, रौतहट, ६ चैत/

सन्त स्व श्रीराम साहको स्मृतिमा हनुमान मन्दिर धर्मशालाको आइतवार नेकपा एमालेका स्थायी कमिटी सदस्य प्रभु साहले उद्घाटन गरे।

कार्यक्रममा उनले साहको सपनालाई साकार गर्न आफू सदैव लागिपर्ने प्रतिबद्धता जाहेर गरे। उनले धर्मशाला निर्माणलगायतका कार्यहरू आगामी दिनमा अझ व्यापकताका साथ बनोस् भनी शुभकामना पनि दिए। सन्त साहको सपना पूरा नहुन दिन हत्याराहरूले साहलाई गोली हानी हत्या गरेकोप्रति दुःख व्यक्त गर्दै माधवनारायण नगरपालिकाकी उपप्रमुख सिमलकुमारी साहले दाताहरूको सहयोगमा धर्मशाला र सालिक निर्माण गरेको जानकारी गराउँदै उनले आफूले यसमा पहल मात्र गरेको बताए।



खेसरहिया बजार र हनुमान मन्दिरलाई हटाउन केही व्यक्तिहरूले सन्त साहको हत्या गरेको उनले आरोप लगाए। उनले सन्त साहलाई चिरकालसम्म परिचित बनाउनका लागि बजारलाई आजको दिनदेखि श्रीराम बजार र श्रीराम चोक नामकरण गरिएको घोषणा पनि गरे। उनले सन्त साहका हत्यारालाई कारबाही गर्न खेसरहियावासीले उठाएको माग अहिलेसम्म पूरा हुन नसकेको बताए। खेसरहियावासी असुरक्षित रहेकोले आफूले प्रहरी चौकी स्थापना गर्न पहल गरेको र राजनीतिक आवरणका केही व्यक्तिहरूले मुख्यमन्त्रीलाई बोलाइ प्रहरी चौकीको उद्घाटन गराए पनि हालसम्ममा प्रहरी चौकीको निर्माण कार्य सकाएर चौकी स्थापना गर्न नसकेकोमा दुःखेसो पोखे।

कार्यक्रममा केन्द्रीय सदस्य एवं जिल्लाका इन्चार्ज उपेन्द्र साहले श्रीराम साहको हत्या गरी हनुमान मन्दिर र सन्त श्रीराम साहको कृतिलाई मेटाउन खोज्ने तत्त्वलाई कारबाई गर्न सम्बन्धित निकायसँग माग गरे। उनले आगामी स्थानीय निर्वाचनमा नगरप्रमुख पदमा लड्ने घोषणा पनि गरे।

कार्यक्रममा राजकिशोर राय यादव, पूर्वसांसद बबन सिंहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## ठोरीमा प्रदेश मन्त्रिपरिषद्को बैठक बस्ने

प्रस, वीरगंज, ६ चैत/

पर्साको ऐतिहासिक तथा पर्यटकीय स्थल ठोरीमा मधेस प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठक बस्ने भएको छ। यही चैत ११ गते मधेस प्रदेश सरकारको राजधानी जनकपुरबाहिर पहिलोपटक मन्त्रिपरिषद्को बैठक हुने बताइएको छ।

मधेस प्रदेशको ऐतिहासिक एवं पर्यटकीय ठोरी क्षेत्रलाई प्रदेशकै पहिलो पर्यटकीय क्षेत्र घोषणा गर्ने उद्देश्यले मन्त्रिपरिषद्को बैठक ठोरीमा सम्पन्न हुन लागेको बताइएको छ।

प्राकृतिक, सांस्कृतिक एवं मनोरम स्थलको रूपमा रहेको ठोरीको प्रचारप्रसार र पर्यटन प्रवर्द्धनका लागि मन्त्रिपरिषद्को बैठकले निर्णय गर्नेछ।

ठोरी क्षेत्रको विकासका लागि मन्त्रिपरिषद्को बैठक कोसेढुङ्गा साबित हुने जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य एवं स्थानीय नेता टेकबहादुर शाक्यले बताए।

हिजो शनिवार सर्वदलीय तथा सर्वपक्षीय बैठक ठोरीको जङ्गल रिसोर्टमा सम्पन्न भएको थियो।

मन्त्रिपरिषद्को बैठक सम्पन्न गर्न नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, जसपाका प्रतिनिधिहरू, ठोरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षसहित नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव दीपेन्द्र चौहान, रेडियो वीरगंजका अध्यक्ष ध्रुव साहलगायत सञ्चारकर्मीको सहभागिता थियो।

**अतिक्रमण गर्न.........**

आगो लाग्ने गरेको छ। यो महीनामा हावाले रूखबाट सुखेको पात झार्ने र सुखेको पातमा ठुटो चुरोट फाल्दा डढेलो लाग्ने गरेको छ।

प्राकृतिक विपत्तिको रूपमा रहेको डढेलोको जङ्गल आसपासका मानिसहरूले फाइदा उठाउने गरेका छन्। कृत्रिमरूपमा डढेलो लगाएर उनीहरूले जङ्गल क्षेत्रमा अतिक्रमण गर्ने गरेका छन्।

जङ्गलसँग जोडिएका बस्तीहरूबाट यस प्रकारका घटनाहरू हुने गरेको सबैया साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष लखनलाल साह बताउँछन्।

पर्सा जिल्लाका पर्सागढी, सखुवाप्रसौनी, पटेर्वासुगौली, ठोरी, जीराभवानी, जगरनाथपुरलगायतका क्षेत्रहरू जङ्गलसँग जोडिएका छन्। यस क्षेत्रमा कृत्रिम तरीकाले आगजनी गर्दा जङ्गलमा डढेलो लाग्ने गरेको छ। नियोजितरूपमा डढेलो लगाउने काम स्थानीयबाट हुने गरेको र उनीहरूले नै वनजङ्गल क्षेत्र अतिक्रमण गर्ने गरेको अध्यक्ष साहको आरोप छ।

उनले यस प्रकारका गतिविधि नियन्त्रणका लागि प्रयासहरू भइरहेको बताएका छन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |